# अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )


## भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ९ संख्या ३ प्रकाशन मिति: २०८३/०३/०८

**भाग-२**

**भीरकोट नगरपालिका**


**भीरकोट नगरपालिकाको अटो रिक्सा/विद्युतिय रिक्सा संचालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०८०**

**तेस्रो संशोधन,२०८३**

कार्यपालिकाबाट स्वीकृत मिति: २०८३/०३/०५

प्रस्तावना:

भीरकोट नगरपालिका क्षेत्रमा संचालन हुने तिन पाँङ्ग्रे अटो रिक्सा, टेम्पुहरुलाई व्यवस्थापन गरि नगरपालिकाको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन, सवारी यात्रु, सवारी चालक र सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) को खण्ड ४ को अधिकार कार्यान्वयन गर्न भीरकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि भीरकोट नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि पारित गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम अटो रिक्सा/विद्युतिय रिक्सा संचालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८० (तेस्रो संशोधन,२०८३) रहेको छ ।

(२) यो कार्यविधि भीरकोट नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. कार्यविधि भन्नाले अटो रिक्सा / विद्युतिय रिक्सा संचालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८०(तेस्रो संशोधन,२०८३) लाई जनाउनेछ ।

२. अटो रिक्सा भन्नाले ईन्जिन जडित पेट्रोलियम पदार्थबाट चल्ने तिन पाँग्रे सवारीसाधन (टेम्पु) भन्ने बुझिने छ । उक्त शब्दले पेट्रोलियम पदार्थ बिना विद्युत, शौर्य उर्जा वा नवीकरणीय उर्जाबाट चार्ज हुने ई-रिक्सा समेतलाई जनाउनेछ ।

३. राहत कोष भन्नाले यस कार्यविधिको दफा १६ बमोजिम स्थापित राहतकोष लाई बुझिनेछ ।

४. समिति भन्नाले यस कार्यविधिको दफा १२ बमोजिम गठित व्यवस्थापन समितिलाई बुझाउने छ।

५. नगर कार्यपालिका भन्नाले भीरकोट नगरपालिकाको नगर कार्यपालिकालाई बुझाउने छ ।

६. नगरपालिका भन्नाले भीरकोट नगरपालिकालाई जनाउनेछ ।

७. नगर क्षेत्र भन्नाले भीरकोट नगरपालिकाको भौगोलिक क्षेत्र (सिमाना)लाई जनाउनेछ ।

८. प्रमुख भन्नाले भीरकोट नगरपालिकाको प्रमुखलाई जनाउनेछ ।

९. उपप्रमुख भन्नाले भीरकोट नगरपालिकाको उपप्रमुखलाई जनाउनेछ ।

१०. प्रमुख प्रशासकीय अधिकृत भन्नाले भीरकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

## परिच्छेद २

## दर्ता र पार्किङ सम्बन्धी व्यवस्था

३. भीरकोट नगरपालिका कार्यालयमा दर्ता नगरी भीरकोट नगरपालिका क्षेत्रभित्र अटो रिक्सा चलाउन नपाइनेः

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको बाहेक आफ्नो अटो रिक्सा दर्ता नगरी कोही कसैले पनि यस नगरपालिका क्षेत्रभित्र अटो रिक्सा, ई-रिक्सा संचालन गर्न पाइने छैन । सम्बन्धित

सवारीधनीले रुटप्रमिटका सम्पूर्ण शर्तहरु पूर्णरुपमा पालना गर्नुपर्नेछ । अन्यथा संचालन तथा व्यवस्थापन समितिले जरिवाना गर्न सक्नेछ ।

४. नगरपालिकामा दर्ता/पार्किङ सम्बन्धी व्यवस्थाः

१) सार्वजनिक रुपमा यस क्षेत्रमा अटो रिक्सा/ई-रिक्सा संचालन गर्न चाहने व्यवसायीले अनुसूचि-१ बमोजिमको ढाँचामा फारम भरी दर्ताको लागि यस भीरकोट नगरपालिका कार्यलयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दर्खास्त दिनु पर्नेछ । बढ्दो सवारी चापका कारण हुने सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन इजाजत दिँदा हाल दर्ता गरेको संख्या, सडकको यातायत क्षमताको अवस्था हेरेर मात्र थप अटो रिक्सालाई दर्ता गरिने छ ।

२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे नपुगेको, आवश्यक कागजात भए नभएको अध्ययन गरी नियमानुसार लाग्ने दस्तुर लिई निजलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ ।

५. दर्ता प्रमाणपत्रको अवधीः

१) दफा २ बमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाणपत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक दर्ता भएको मितिले एक वर्षको अवधिसम्म मात्र मान्य हुनेछ ।

६. दर्ता प्रमाणपत्रको नवीकरणः

१) दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको ३ महिनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराईसक्नु पर्नेछ । ३ महिना म्याद नाघी नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको ३ महिनासम्म २० प्रतिशत, ६ महिनासम्म ५० प्रतिशत, १ वर्षसम्म ७५ प्रतिशत, २ वर्षसम्म १०० प्रतिशत र ३ वर्ष वा सोभन्दा बढी अवधीको १५० प्रतिशत दस्तुरसमेत लिई त्यस्तो दर्ता प्रमाणपत्रको नवीकरण गर्नुपर्नेछ ।

२) अटोरिक्सा नवीकरण अवधि नवीकरण गरेको मितिले १ वर्ष कायम हुनेछ ।

७. नवीकरण सम्बन्धी बिशेष व्यवस्थाः

माथि जुनसुकै कुरा लेखिएको भएतापनि सवारी धनीले ५ वर्षसम्मको लागि एकैपटक नवीकरण गराउन चाहेना ५ वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुष्ठ लिई दर्ताको प्रमाणपत्र ५ वर्षसम्मको लागि एकैपटक नवीकरण गर्न सकिनेछ । ५ वर्षसम्म एकैपटक नवीकरण गर्ने सवारी धनीलाई कुल रकमको २० प्रतिशत छुट दिईनेछ ।

८. दर्ता प्रमाणपत्रको प्रतिलिपी दिने व्यवस्थाः

कनै अटो रिक्सा धनीले प्रमाणपत्र हराए वा मासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपी लिन निवेदन दिएमा तोकिए बमोजिम दस्तुर लिई प्रमाणपत्रको प्रतिलिपी दिईनेछ ।

९. दर्ता शुल्कः

१. अटो रिक्साको दर्ता तथा नवीकरण शुल्क बगरसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

२. अटो रिक्साको बाटो इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३. अटो रिक्साले नगर सभाबाट तोकिए बमोजिमको वार्षिक सवारी कर बुझाउनुपर्नेछ ।

१०. सबारी चालक अनुमतिपत्रः

भीरकोट नगरक्षेत्र भित्र संचालन हुने अटो रिक्साका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमतिपत्र लिएको हुनुपर्नेछ ।

११. बाटो इजाजत सम्बन्धीः

अर्को व्यवस्था नभएसम्म हाललाई भीरकोट नगरपालिकामा दर्ता भएका अटो रिक्साहरुलाई भीरकोट नगरपालिका बजार क्षेत्र भित्र र भित्रि कच्ची सडक क्षेत्रभर संचालन गर्न **अनुसूची-३** बमोजिम इजाजत दिइनेछ।

## परिच्छेद-३

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धीः

१२. अटो रिक्सा संचालन तथा व्यवस्थापन समितिः

१. नगर क्षेत्रमा संचालन हुने अटो रिक्सा, ई-रिक्सा टेम्पुजन्य सवारीसाधनहरुको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ।

क) नगर उपप्रमुखः संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

ग) जिल्ला ट्राफिक कार्यालय स्याङ्जाका प्रमुख/प्रतिनिधिः सदस्य

घ) नगरप्रमुखले तोकेको प्राविधिकः सदस्य

ङ) .....................शाखा प्रमुख सदस्य सचिव

२. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अटो रिक्सा, ई-रिक्सा र टेम्पोजन्य साना सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा खारेजीमा देखिएका समस्या समाधान गर्ने
ख) भाडादर निर्धारण गर्ने र लागू गर्ने गराउने
ग) आवश्यकता अनुसार भाडादरमा पुनरावलोकन गर्ने
घ) सवारीसधान संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारीसाधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने
ङ) नगर क्षेत्रमा संचालित सवारीसाधन, ट्राफिक व्यवस्थापनको अवस्थासमेतलाई विचार गरि अटो रिक्साजन्य साना सवारीसाधनको संख्या थप घट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

१३. विमा गर्नुपर्नेः सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष विमा गर्नुपर्नेछ ।

१४. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्त यस कार्यविधिमा अन्यत्र उल्लेख भएबमोजिम र उल्लेख नभएको हकमा देहायबमोजिम शर्त पालना गर्नुपर्नेछ ।

१. सवारीधनी र सवारी चालकको ठेगाना र मोबाइल नम्बर सहित पहिचान खुल्ने विवरण सवारीसाधनमा सबैले देख्ने गरी राखुपर्नेछ ।
२. दर्ता नभएका र नवीकरण नभएका सवारीसाधन संचालन गर्न पाइनेछैन ।
३. सवारीचालकले फोटो सहितको परिचयपत्र लगाउनुपर्नेछ ।
४. मादक पदार्थ वा लागुऔषध प्रयोगगरी सवारी चलाउन पाइनेछैन ।
५. यात्रुसँग मर्यादित व्यवहार गर्नुपर्नेछ ।

## परिच्छेद-४
## दण्ड जरिवाना तथा राहत कोष सम्बन्धि व्यवस्थाः

१५. प्रचलित कानून बमोजिम हुनेः

१) यस कार्यविधिको विपरित दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा सवारी चालक अनुमति (लाइसेन्स) प्राप्त नगरि सवारी चलाएमा वा तोकिए भन्दा बढी भाडा लिएमा र दफा १४ बमोजिमको शर्त उल्लङ्घन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ ।

क) पहिलो पटक भएमा रु.५०० जरिवाना, दोस्रोपटक सोहि कसुर गरेमा रु.८००, तेस्रोपटक सोहि कसुर गरेमा रु.१००० जरिवाना हुनेछ । ३ पटक भन्दा बढी पटक पटक सोही कसुर गरेमा दर्ता अनुमति र दर्ता अनुमति रुट प्रमिट खारेज हुनेछ ।

ख) यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत बा निजले तोकेको अधिकृतले गर्नेछ ।

१६. **राहतकोष सम्बन्धी व्यवस्थाः**

१. यस कार्यविधि बमोजिम दर्ता अनुमति सिफारिस प्राप्त गरि रुट इजाजत प्राप्त अटो रिक्सा/ई रिक्साधनी, चालक, यात्री दुर्घटना भएमा, अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग प्रदान गर्न नगरपालिकाले श्रमिककल्याण राहत कोष स्थापना गर्नेछ ।

२. उपदफा १ बमोजिमको कोषमा नगरसभाबाट निर्णय भए बमोजिमको रकम जम्मा हुनेछ ।

३. राहतकोष संचालन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ ।

क) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्यः संयोजक

ख) नगर प्रमुखले तोकेको यातायात व्यवसायीको मजदुर प्रतिनिधीः १ जना सदस्य

ग) नगर प्रमुखले तोकेको सवारीधनीः सदस्य

घ) ..............ले तोकेको सवारीधनी प्रतिनिधिः सदस्य

ङ) ................सदस्य सचिव

४. कोषको रकम समितिको निर्णय विना खर्च गर्न पाइनेछैन ।

५. राहत रकम के कति उपलब्ध गराउने भन्ने सम्बन्धमा नगर कार्यपालिकाको निर्णयानुसारको राहत, औषधोपचार, क्षतिपुर्ति रकम उपलब्ध गराइनेछ ।

१७. यो कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

१८. यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१९. **बचाउः**

यसअघी प्रचलित कानून बमोजिम यस नगरपालिका कार्यालयमा दर्ताभई सवारी इजाजत पत्र लिएका अटो रिक्साहरुलाई यसै कार्यविधि बमोजिम इजाजत पत्र दिइएको मानिनेछ ।

२०. **अटो रिक्सा ठाँउसारी वा नामसारी सम्बन्धी व्यवस्थाः** [1]

(१) भीरकोट नगरपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाँउसारी वा नामसारी भई आउन वा अन्यत्र जान सहमती दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ठाँउसारी गर्दा रु.३००। दस्तुर लाग्नेछ । निजी प्लेटमा नामसारी गर्दा रु. ३००।, भाडामा नामसारी गर्दा रु.५००। दस्तुर लाग्नेछ ।

[1] तेस्रो संसोधनमा थप

(३) भीरकोट नगरपालिका वा अन्यत्र जुनसुकै स्थानको सवारीधनिको नाममा रहेको अटो/ई-रिक्सा यातायात व्यवस्था कार्यालयबाट नामसारी गरी सोको कागजात सलंग्न राखि एक सवारीधनिबाट अर्को सवारीधनिका नाममा नामसारी गर्नका लागि नगरपालिकामा निवेदन दिएमा आवश्यक जाँचबुझ गरी उक्त अटो/ई-रिक्सा नामसारी गरिनेछ ।

(४) फर्म वा व्यक्तिको नाममा नामसारी गर्दा कानून बमोजिमका आवश्यक कागजातहरु फर्म दर्ता, नविकरण, पान दर्ता, भ्याट र कर चुक्ता संकलन राखि दरखस्त दिनुपर्नेछ ।

(५) उपदफा (१) र उपदफा (३) बमोजिमको कार्यका लागि सवारीधनि स्वयंम वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारप्राप्त व्यक्ति कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

(६) नामसारी आवदेन फारम अनुसूची-०४ बमोजिम हुनेछ ।

## अनुसूची-१
## विषयः अटो रिक्सा दर्ता सम्बन्धमा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
बयरघारी, स्याङ्जा ।

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई-रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आवश्यक कागजातहरु यसैसाथ राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको नामथरः

ठेगानाः

टेलिफोनः

पिता वा पतिको नामथरः

सवारी दर्ता नम्बरः

सवारीको किसिमः

सवारी बनाउने कम्पनीको नामः

सवारीको इन्जिन नम्बरः

सवारीको चेसिस नम्बरः

सवारी बनेको सालः

सवारीको मोडलः

सवारीको हर्ज पावरः

सवारीको रङः

चवारीको प्रयोगः निजी/भाडा

सवारीमा चालकसहित क्षमताः

सवारीमा प्रयोग हुने इन्धनः पेट्रोल/डिजेल /ब्याट्री

यस दर्खास्त फाराममा उल्लेखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाँउला।

## अनुसूची-२

## सवारी साधन दर्ता प्रमाण-पत्र

फोटो

दर्ता नम्बरः
ठेगानाः
पिता वा पतिको नामथरः
सवारी दर्ता नम्बरः
सवारीको किसिमः
सवारी बनाउने कम्पनीको नामः
सवारीको इन्जिन नम्बरः
सवारीको चेसिस नम्बरः
सवारी बनेको सालः
सवारीको मोडलः
सवारीको हर्ज पावरः
सवारीको रङः
सवारीको प्रयोगः निजी/भाडा
सवारीमा चालकसहित क्षमताः
सवारीमा प्रयोग हुने इन्धनः पेट्रोल/डिजेल /ब्याट्रीः

नवीकरण

| आर्थिक वर्ष | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर, भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची- ३

<u>सवारीसाधनको बाटो इजाजत पत्र</u>

श्री ..............

सवारी साधन नं.-

इजाजत पत्र नं.-

भीरकोट नगरपालिकाको अटो रिक्सा/विद्युतिय रिक्सा संञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०८० .(दोस्रो संशोधन,२०८३) को दफा ११ मा व्यवस्था भए बमोजिम ................... नगरपालिका/गाउँपालिका वडा नं. .... स्थायि ठेगाना भएका श्री.......................को नाउँमा मिति ................... मा यस भीरकोट नगरपालिकामा सडक बाटोको इजाजतपत्रको लागि दर्ता हुन आएको इन्जिन नं. ................... र सवारी चेसिस नं. ...................को ....................... नम्बरको टेम्पो/रिक्सालाई सवारी चालक अनुमतिपत्रका साथै अन्य कानून बमोजिम लिनुपर्ने अनुमति लिएर हाललाई भीरकोट नगरपालिका बजार क्षेत्र र भित्रि कच्ची सडक क्षेत्रभर संञ्चालन हुनेगरी सवारीबाटो इजाजतपत्र प्रदान गरिएको छ ।

<u>बाटो इजाजत-पत्र दिने अधिकारीको</u>

दस्तखतः

नाम थरः-

पदः

## अनुसुचि-०४[2]

(दफा २० को उपदफा ६ सँग सम्बन्धित)

### सवारी नामसारी आवेदन फारम

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भीरकोट नगरपालिका ।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो एकलौटी हकभोगमा रहेको ई.नं. ............................ च्यासिस नं. ....................... भएको ....................... नं. को अटो/ई-रिक्सा मैले/हामीले निम्न लिखित नाम, थर ठेगाना भएको व्यक्ति/व्यक्तिहरूलाई बिक्री गरीदिएको हुनाले उक्त सवारी निजको नाममा नामसारी गरीदिनहुन अनुरोध गर्दछौं/गर्दछु । माथिको ब्यहोरामा फरक पारी बिक्रि गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

बिक्रि/लिलाम/उपहारदिने व्यक्ति वा आधिकारीक प्रतिनिधिको
नाम, थर : ..........................................................
हस्ताक्षर : ......................
ठेगाना : प्रदेश : ............ जिल्ला : ............
वडा नं. : ............ टोल : ............ फोन नं. : ............
बाबु/पतिको नाम : ...................................................
बाजेको नाम : .........................................................

उल्लेखित व्यक्ति/फर्म/संस्थाबाट मैले/हामीले खरिद/लिलाम सकार/उपहार गरी हकभोग कायम गरी लिएको हो यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको कारणले यो नामसारी बदर भएमा कानून बमोजिम दण्ड/सजाय परेमा सहन बुझाउन तयार छु/छौं ।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

खरिद गर्ने/लिलाम सकार गर्नेको
नाम, थर : ............................................
हस्ताक्षर : ......................
ठेगाना : प्रदेश : ............ जिल्ला : ............
वडा नं. : ............ टोल : ............ फोन नं. : ............
बाबु/पतिको नाम : ...................................................

[2] तेस्रो संसोधनमा थप